मिति २०८१/०७/२९ गतेको गाउँ कार्यपालिकाको चौथो बैठकमा पेश भएका प्रस्तावहरु:

| क.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकको समिक्षा सम्बन्धमा | |
| २. | कार्यविधिहरु स्विकृति सम्बन्धमा | |
| ३. | स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि २०८१ सम्बन्धमा । | |
| ४. | कृषि अधिकृत (सातौं तह) नियुक्ती सम्बन्धमा । | |
| ५. | जनता आवास तथा विपन्नको घर कार्यक्रम कार्यान्वयन सम्बन्धमा | |
| ६. | प्रधामन्त्री/मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | |
| ७. | कामकाज गर्न खटिएका कर्मचारीहरुको पदस्थापन सम्बन्धमा | |
| ८ | कर्मचारी व्यवस्थापन (वडा कार्यालय समेत) सम्बन्धमा । | |
| ९ | विविध । | |

मिति २०८१/०७/२९ गतेको गाउँ कार्यपालिकाको चौथो बैठकबाट पारित भएका निर्णयहरु:

**निर्णय नं. १ :**

यस गाउँकार्यपालिकाको अघिल्ला बैठकहरुमा भएका निर्णयहरु कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो, साथै कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**निर्णय नं. २ :**

यस गाउँकार्यपालिकाको अघिल्लो बैठकमा पेश भई अध्ययनको लागि वितरण भएका देहायका कार्यविधिहरु दफावार छलफल गरि स्विकृत गर्ने निर्णय गरियो ।

देहाय :

| क.स. | कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि २०८१ | स्विकृत |
| २. | सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ (तेश्रो संशोधन २०८१) | स्विकृत |

**निर्णय नं. ३ :**

भगवतीमाई गाउँकार्यपालिका स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि २०८१ माथि संक्षिप्त छलफल गरियो साथै सवै सदस्यहरुले अध्ययन गरि दफावार छलफल सहित अर्को बैठकबाट स्किृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस गाउँपालिकामा रिक्त रहेको स्थानीय कृषि सेवा, एकिकृत समुह, सातौ तह, कृषि अधिकृत पद पुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग भई, आयोगले खुला विज्ञापनबाट उम्मेदवार छनौट गरि आयोगको च.नं.१८५, मिति २०८१/०७/२३ गतेको पत्रबाट सिफारिस भई आएका उम्मेदवार श्री लोक राज जोशीलाई यस कार्यालयको मिति २०८१/०७/२५ गतेको निर्णय अनुसार सोही मितिदेखि लागु हुनेगरि स्थायी नियुक्ती गरिएकोले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
हि.... राई
२०८१/०८/२२

## निर्णय नं. ५ :

पूर्वाधार विकास कार्यालय दैलेखको च.नं. २४६, मिति २०८१/०७/११ गतेको पत्रानुसार जनता आवास कार्यक्रमको लागि ५ घर तथा विपन्नको घर निर्माण कार्यक्रम कार्यान्वयनको लागि ४ वटा लक्षित घर छनौट गरि पठाउनु पर्ने भएकोले देहाय अनुसार छनौट गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.स. | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री गोविन्द्र बि.क. | भगवतीमाई गाउँपालिका वडा नं. १ पगनाथ | जनता आवास |
| २. | श्री किरण बि.क. | भगवतीमाई गाउँपालिका वडा नं. २ रुम | जनता आवास |
| ३. | श्री बखत बहादुर रसाईली | भगवतीमाई गाउँपालिका वडा नं. ५ कट्टी | जनता आवास |
| ४. | श्री चन्द्र बहादुर दमाई | भगवतीमाई गाउँपालिका वडा नं. ६ कट्टी | जनता आवास |
| ५. | श्री बिर्ष बहादुर बि.क. | भगवतीमाई गाउँपालिका वडा नं. ७ वडाभैरव | जनता आवास |
| ६. | श्री पवित्रा बि.क. | भगवतीमाई गाउँपालिका वडा नं. २ रुम | विपन्नको घर |
| ७. | श्री कालो दमाई | भगवतीमाई गाउँपालिका वडा नं. ३ मेहलतोली | विपन्नको घर |
| ८. | श्री अमर बि.क. | भगवतीमाई गाउँपालिका वडा नं. ४ जगनाथ | विपन्नको घर |
| ९. | श्री कस्मिर कामी | भगवतीमाई गाउँपालिका वडा नं. ७ वडाभैरव | विपन्नको घर |

## निर्णय नं. ६ :

यस गाउँपालिकामा कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत वडा नं. ६ को कुईया चौतारा काप्रा सिंचाई पोखरी निर्माण योजनाको प्राविधिक स्टिमेट अनुसार ज्याला रकम बढि हुने देखिएकोले बचेको ज्याला रकमबाट सोही वडाको कट्टी घुगाउने खोला देखि कट्टी मिलसम्म र पाल्त वालुवा खोलादेखि मुलसडकसम्म गोरेटो बाटो निर्माण गर्ने निर्णय गरियो । साथै प्रधान मन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको रोजगार कार्यान्वयन समिति गठन गरि यहि मंशिर मसान्तसम्म सम्झौता गरिसक्ने निर्णय गरियो ।

## निर्णय नं. ७ :

अन्य पालिकामा नियुक्ती भई यस गाउँपालिकामा कामकाज गर्न खटाईएका तथा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम यसै गाउँपालिकामा पदस्थापन हुनको लागि सहमति माग गरेका कर्मचारीहरुलाई अर्को वैठकमा छलफल गरि सहमति दिने निर्णय गरियो ।

## निर्णय नं. ८ :

यस भगवतीमाई गाउँपालिकाको वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई देहाय वमोजिम फेरवदल गरि जिम्मेवारी तोक्ने निर्णय गरियो ।

देहाय :

| क्र.स. | पद/तह | नाम | हाल कार्यरत वडा | जिम्मेवारी तोकिएको वडा | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहायक पाँचौ | श्री सुमन श्रेष्ठ | ४ नं वडा कार्यालय | ७ नं. वडा कार्यालय | |
| २. | सहायक चौथो | श्री मान बहादुर थापा | ५ नं वडा कार्यालय | ६ नं. वडा कार्यालय | |
| ३. | सहायक चौथो | श्री अस्मिता मल्ल | ४ नं वडा कार्यालय | ५ नं. वडा कार्यालय | |
| ४. | सहायक चौथो | श्री राजु कुमार विश्वकर्मा | २ नं वडा कार्यालय | ४ नं. वडा कार्यालय | |
| ५. | सहायक चौथो | श्री ज्वाला रेग्मी | ३ नं वडा कार्यालय | ३ नं. वडा कार्यालय | |
| ६. | सहायक चौथो | श्री महालक्ष्मी अधिकारी | १ नं वडा कार्यालय | २ नं. वडा कार्यालय | |
| ७. | सहायक चौथो | श्री ललित बहादुर खड्का | ७ नं वडा कार्यालय | १ नं. वडा कार्यालय | |



हि.... राई

CamScanner

**निर्णय नं. ९ :**

यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कृषि स्नातक (अधिकृत छैटौं) पदमा कार्यरत श्री रोजन खड्काले चाडपर्व खर्च उपलब्ध गराई पाउँ भनि दिएको निवेदन उपर छलफल हुँदा संघीय सशर्त अनुदानबाट चाडपर्व खर्च तथा पोशाक भत्ता नपुग हुने भएकोले उक्त रकम करार सेवा शुल्क शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०६/०१ गते (17 Sep.2024) दिगो विकासको लागि सहकार्य नेपालसंग भगवतीमाई आधारभुत अस्पतालमा अत्याधुनिक उपकरण जडानको लागि माग गरिएकोमा उक्त संस्थाले Digital X-ray मेशिन तथा Video X-ray मेशिन लगायत २४ प्रकारका उकरण उपलब्ध गराउन सहमत भई पालिकाबाट साझेदारी स्वरुप रु २ लाख ५० हजार माग गरेकोले यस पालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रमको सि.नं.२२५ को भगवतीमाई आधारभुत अस्पतालमा औषधी खरिद तथा ढुवानी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ७ वाट प्रतिनिधित्व गर्नुहुने गाउँ सभाका सदस्य श्री टंक वहादुर खड्का कुटानी पिसानी मिल दुर्घटनामा परि सख्त घाईते भई त्रि.वि.वि.शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौंमा उपचार भैरहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचारमा सहयोग स्वरुप रु ५०,०००।- (पचास हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

यस भगवतीमाई गाउँपालिका अर्न्तगतको फोहोरमैला संकलन तथा व्यवस्थापन गर्न आवश्यक ल्याण्डफिल्ड साईट पूवाधार निर्माणको लागि उपयुक्त स्थान खोजी गर्दा वडा नं. १ वेस्तडा वजारदेखि उत्तर तर्फको वागडाँडा (साविकको पगनाथ गाविस वडा नं.१ सानो पगनाथ) जाने सडक खण्डको पश्चिम तर्फ करिव १०० मिटरको दुरीमा रातापैरा खाल भन्ने स्थान उपयुक्त देखिएको साथै मुसाडा रातापैरा सामुदायिक वन उपभोक्त समितिको सहमति समेत भएकोले उक्त स्थानमा ल्याण्डफिल्ड साईट पूर्वाधार निर्माण कार्यको लागि कर्णाली प्रदेश सरकार, उद्योग, वन तथा वातावरण मन्त्रालयको सहमति लिई प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

भिन्न मतको अभिलेख :

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |